लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल
☎०८२ : ५४००५०
☎ ०८२ : ५४०८५०

प.सं. : २०७७।०७८ च.नं. :- २०६८ मिति : २०७८/१०/१३

विषय :- सूचना टाँस सम्बन्धमा ।

श्री ९ वटै वडा कार्यालय सबै,
लमही नगरपालिका, दाङ्ग ।

प्रस्तुत विषयमा, भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय (गरिव परिवार पहिचान तथा मापदण्ड शाखा) को मिति २०७८/१०/११, च. न. ९३९ को प्राप्त पत्रानुसार गरिव परिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने सम्बन्धमा गरिव परिवारको प्रारम्भिक सूची (PDF File) गुनासो सुनुवाइ मार्गदर्शन , २०७८ बमोजिम मिति २०७८/१०/१३ गते सार्वजनिक गरी मिति २०७८/१०/२८ गते भित्र गुनासो दर्ता गर्नुपर्ने भएकाले सम्बन्धित वडाका उक्त प्रारम्भिक सूचीमा गरिव परिवारको सूचीमा हुनुपर्नेमा नभएको वा नहुनु पर्नेमा भएको र परिवारको वर्गिकरण नमिलेको लागेमा अनुसुची १ बमोजिमका सुचकमा आधारित भइ पर्याप्त आधार र कारण खोली उजुरी दिन सकिने प्रावधान भएकांले PDF file बाट सम्बन्धित वडाको पानाहरु मात्र प्रिन्ट गरी वडा कार्यालय र सम्बन्धित वडाका सामुदायिक विद्यालयहरुमा आजैका मितिमा टाँस गर्ने व्यवस्थाको लागि अनुरोध गरीन्छ ।

प्रमुख प्रशासकिय अधिकृत
गेहेन्द्र बहादुर थापा

# अनुसूचि - १
# गरिब परिवार पहिचानका सूचकहरु

(१) **Proxy Means Test (PMT) विधिबाट गरिब परिवार पहिचान गर्दा आधार लिइएका सूचकहरु :**

(क) जनसांख्यिक तथा मानवीय अवस्थाः परिवारको आकार, परिवारको शैक्षिक अवस्था, परिवारमा निजि स्कुलमा अध्ययनरत बालबालिका, परिवारको औसत आयु,

(ख) परिवारका सदस्यहरुको रोजगारीको अवस्था, आम्दानीको स्रोत, परिवारमा आश्रित व्यक्तिहरुको संख्या

(ग) बसोबास (घर) को भौतिक अवस्थाः घरको स्वामित्व, घरको छाना, घरको भित्ता, घरको जगको प्रकार, घरमा भएका कोठा संख्या

(घ) घरयासी सुविधाः पिउने पानीको उपलब्धता, शौचालयको सुविधा र प्रकार, खाना पकाउने इन्धन, बत्तीको स्रोत

(ङ) घरायसी सम्पत्तिः गाडी, इन्टरनेट जडान, केबल टेलिभिजन, टेलिफोन, रेफ्रिजरेटर, पशु चौपाया र चराचुरुङ्गीको संख्या आदि,

(च) भौगोलिक क्षेत्र तथा क्षेत्रगत गरिबीको अवस्था भौगोलिक क्षेत्रगत अवस्था (हिमाल, पहाड, तराई)

(छ) जातजातिगत गरिबीको अवस्थाः सीमान्तकृत जातजातिगत समूह,

(ज) जग्गा जमिनको अवस्था र त्यसको अनुमानित मूल्य,

(झ) परिवारको आम्दानीः माथि उल्लेखित चरहरुलाई आधार मानेर परिवारको समग्र अनुमानित आम्दानीको प्रक्षेपण गर्ने ।

(२) **स्वतः गरिब परिवारको रुपमा सूचिकरण गर्न (Automatic Inclusion) आधार लिइएका सूचकहरु :**

(क) नेपालभरी कहिं कतै घर नभएको

(ख) घर भएको भएतापनि प्लाष्टिक, झिंक्रो वा बाँसले बारेको र कच्ची छानो भएको

(ग) आम्दानीको कुनै पनि स्रोत नभएको

(घ) मागेर गुजारा चलाउने परिवार

(ङ) घरेलु कामदारको रुपमा रहेको परिवार

(च) परिवारका सबै सदस्य १८ वर्ष मुनिका भएको परिवार

(छ) परिवारका सबै सदस्य अपाङ्ग भएका वा गम्भीर रुपमा विरामी भएका वा सबैको उमेर ६५ वर्ष माथि रहेको परिवार ।

# अनुसूचि - २

# गुनासो दर्ता फाराम

(गरिब परिवारको प्रारम्भिक सूचिमा विवरण समावेश नभएको र फरक परेको अवस्थामा पारिवारिक विवरण समावेश गर्न/सच्याउनको लागि दिइने निवेदनको ढाँचा)

## निवेदन

श्री ...............................................

.................................... गाउँपालिका/नगरपालिकाको कार्यालय

.................................... जिल्ला ।

विषय :-गरिब परिवारको प्रारम्भिक सूचिमा विवरण समावेश नभएको/फरक परेको सम्बन्धमा।

........................ जिल्ला .......................... गाउँपालिका/नगरपालिका....... नं. वडा ..................... गाउँ/बस्ती बस्ने ................................... को नाति/नातिनी .................................. को छोरा/छोरी वर्ष ..... को ................................... परिवारमूली रहेको परिवारको पारिवारिक विवरण भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रकाशित प्रारम्भिक सूचिमा छुट भएको/फरक पर्न गएकोले तपसिलमा उल्लिखित विवरणअनुसार उक्त परिवारको विवरण समावेश गरी/सच्याई पाऊँ ।

गुनासोसँग सम्बन्धित परिवारः ☐आफ्नै ☐अरुको

**गुनासोको कारण :**

प्रारम्भिक सूचिमा परिवार समावेश हुनुपर्नेमा समावेश नभएको । समावेश हुनुपर्ने कारण (बहुउत्तर सम्भव)

(क) परिवार बसोबास गरेको घरको अवस्था राम्रो नहुनु ।

(ख) घरमा खानेपानी, चर्पी आदिको सुविधा नहुनु ।

(ग) घरमा बत्तीको स्रोत तथा खाना पकाउने इन्धनको अभाव हुनु ।

(घ) परिवारमूली लगायत अन्य सदस्यहरू अशिक्षित हुनु ।